# चामे गाउँपालिका

# स्थानीय राजपत्र

चामे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०४) चामे, असार १२ गते, २०७७ साल (अतिरिक्ताङ्क ०१

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चामे गाउँपालिकाको गाउँ सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको

सम्बत् २०७७ सालको ऐन नं. १

**चामे गाउँपालिकाको आर्थिक कार्यविधि सम्वन्धमा बनेको कानून लाई केही संशोधन गर्न बनेको ऐन, २०७७**

**प्रस्तावना:** चामे गाउँपालिकाको आर्थिक कार्यविधि सम्वन्धमा बनेको कानून लाई केही संशोधन गर्न वाञ्छनीय भएकोले,

चामे गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम "चामे गाउँपालिकाको आर्थिक कार्यविधि (प्रथम संशोधन) ऐन, २०७७" हुनेछ ।

(२) यो ऐन चामे गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **चामे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ मा संशोधन** : चामे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) दफा २० को उपदफा ४ को सट्टा तपशिलको उपदफा ४ राखिएको छ ।

(४) महालेखा परीक्षकको बार्षिक प्रतिवेदनमा औल्याएको वेरुजु सभामा छलफल गरी प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने र असूल उपर गर्नुपर्ने तथा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याएको रकम असूल उपर गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिम सम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।
साथै नियमित गर्नुपर्ने बेरुजु गाउँ सभामा छलफल गरी नियमितको लागि गाउँ सभाबाट गठीत लेखा समितिमा पठाउनु पर्नेछ । लेखा समितिले छलफल गरी उपयुक्त कारण सहित वेरुजु नियमित गर्नुपर्ने छ ।
लेखा समितिबाट नियमित भएको बेरुजु र अन्य वेरुजु लेखा उत्तरदायी अधिकृतले संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने छ ।

**प्रमाणिकरण मिति :** २०७७ साल असार १२ गते शुक्रवार ।

आज्ञाले,
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत



मुद्रक : चामे गाउँपालिका, गण्डकी प्रदेश । मूल्य रु २०।-

CamScanner